# अलैँची छाडेर किबीतर्फ



■ बाबुराम बास्तोला

संखुवासभा । पूर्वी पहाडी जिल्ला संखुवासभाका किसान किबी खेतीमा आकर्षित भएका छन् । उत्पादनले स्थानीय बजारमा राम्रो मूल्य पाएपछि किसानले खेती विस्तार गरेका हुन् । जिल्लाको धर्मदेवी नगरपालिका, चिचिला गाउँपालिका, शिलिचोङ गाउँपालिका लगाएतका स्थानमा किबी खेतीबाट किसानहरूले मनग्य आम्दानी लिइरहेका छन् ।

केही समयअघिसम्म अलैँची खेती गने किसानहरू विभिन्न रोग लागेर अलैँची नष्ट भएपछि किबी खेतीप्रति आकर्षित हुन थालेको धर्मदेवी-३ मझुवाका किसान मानहादुर कार्कीले बताए । इलामदेखि बिरुवा ल्याएर रोपिएको किबीले राम्रै उत्पादन दिइरहेको उनको भनाइ छ । 'अलैँची खेतीमा घाटा व्यहोरेका किसान किबी खेतीप्रति आकर्षित भएका छन् । यहाँका धेरै किसानहरूले इलामबाट बिरुवा मगाए पनि बिरुवा अभावले माग जति बिरुवा पाएनन्,' कार्कीले भने । धर्मदेवी नगरपालिकाले आर्थिक वर्ष ०७५/७६ को नगरपरिषद्बाट नै किबी खेती प्रोत्साहनका लागि बजेटसमेत विनियोजन गरेको छ ।

यता चिचिला गाउँपालिका-२ दिदिङका स्थानीय मच्छिन्द्रबहादुर राईले चार वर्ष अघिदेखि किबीको व्यावसायिक खेती सुरु गरेका थिए । यस वर्ष आफ्नो बारीमा तीन सय बढी केजी किबी उत्पादन भएको उनले बताए । 'बजारमा माग राम्रै छ, स्थानीय बजारमा प्रतिकेजी तीन सयदेखि चार सय रुपैयाँको हाराहारीमा बिक्री भइरहेको छ,' उनले भने, 'यो वर्ष करिब दुई लाख रुपैयाँको हाराहारीको किबी बिक्री भयो ।' चिचिला गाउँपालिकाको दिदिङ र इम्चोङका करिब दुई दर्जनभन्दा बढी किसानले किबी खेती लगाएका छन् । परीक्षणका लागि लगाइएका बोटले उत्पादन दिन थालेपछि व्यावसायिक खेती विस्तार गरेको किसानहरूले बताएका छन् । सुरुमा रहरले रोपेको किबीको फलबाट अहिले राम्रै आम्दानी हुन थालेपछि ठिकै गरिएछ भन्ने लागेको किसान मच्छिन्द्रबहादुर बताए ।

चिचिला गाउँपालिकालाई किबी फलको पकेट क्षेत्रको रूपमा अगाडि बढाउने योजना रहेको कृषि प्राविधिक बलबहादुर विश्वकर्माले बताए । अहिले गाउँपालिकाले उन्नत बिउ विजन अनुदान वितरण कार्यक्रम मार्फत सहयोग गरिरहेको छ ।

# भूकम्पपीडितका गुनासैै गुनासा

■ सौर्य समाचार

बागलुङ । जिल्लाका ७ सय ९६ भूकम्पपीडितले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा गुनासो दर्ता गराएका छन् । गुनासो दर्ता गराउनेमा लगत संकलनमै छुटेकादेखि सर्वेक्षण भए पनि लाभग्राहीमा पर्न नसकेकासम्म छन् ।

प्राधिकरणले छुट तथा पुनः जाँच सर्वेक्षण गर्ने भएपछि गुनासा थप बढ्ने देखिएको छ । सबैभन्दा बढी बागलुङ नगरपालिकाबाट ३ सय ११ ले गुनासा दर्ता गराएका छन् । जैमिनी, गलकोट र ढोरपाटन नगरपालिकाका क्रमशः २ सय ७५, ८० र २६ गुनासा दर्ता छन् । यस्तै, बडिगाड र काठेखोला गाउँपालिकाबाट क्रमशः पाँच र नौ गुनासा दर्ता भएका छन् । भूकम्पबाट कम प्रभावित बरेङ, तमानखोला, निसीखोला र ताराखोला गाउँपालिकाबाट भने एउटा पनि गुनासो दर्ता छैन । प्राधिकरणमा दर्ता भएका केही गुनासाको स्थानीय तह छुट्टाउन बाँकी छ ।

गुनासो दर्ताअनुसार छुट तथा पुनः जाँच सर्वेक्षण गरिने प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन) ले जनाएको छ । केही 'दिनभित्रै सर्वेक्षणको काम सुरु हुन्छ', एकाइका निमित्त प्रमुख उमेशकुमार चौधरीले भने । हरेक स्थानीय तहमा दुई इन्जिनियर छुट तथा पुनः जाँच सर्वेक्षणमा खटिनेछन् । गुनासो संख्याको आधारमा सर्वेक्षक थपघट हुन सक्ने जनाइएको छ । सर्वेक्षणका क्रममा नयाँ आउने गुनासा पनि दर्ता गरिने निमित्त प्रमुख चौधरीले बताए ।

'वास्तविक भूकम्पपीडित कोही पनि लाभग्राहीमा नछुटोस् भनेर अन्तिम पटकलाई पुनः सर्वेक्षण हुन लागेको हो', उनले भने । पहिलेको सर्वेक्षण कार्यक्रममै छुटेका वास्तविक भूकम्पपीडित लाभग्राहीमा समेटिने छुट तथा पुनः जाँच सर्वेक्षण सञ्चालन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख राजेन्द्र ढुंगानाले बताए । 'सर्वेक्षण भए पनि कतिपय त्रुटिका कारण लाभग्राहीमा नपर्नु भएकालाई पनि यो अवसर हो,' उनले भने, 'अनुदान पाउनबाट कोही पनि वञ्चित हुन नपरोस् ।' वडा गुनासो समिति हुँदै स्थानीय तहको सिफारिसका आधारमा छुट तथा पुनः जाँच सर्वेक्षणका लागि लगत संकलन गरिनेछ ।

# पालिकाद्वारा बजार अनुगमनमा तीव्रता

■ प्रिमेश शिवाकोटी



रौतहट । गरुडा नगरपालिकाले आफ्नो नगरभित्रका बजारहरूमा अनुगमन गर्ने कार्यलाई तीव्रता दिएको छ । उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा ठग्ने प्रवृत्तिको अन्त्य गर्न बजार अनुगनलाई तीव्रता दिइएको नगरपालिकाले जनाएको छ ।

कुनै प्रकारको अवैध कारोबार भएको भए त्यसको नियन्त्रणका लागि नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीको नेतृत्वमा बजार अनुगमनलाई तीव्र गतिमा सुरु गरेको हो । उपभोक्ता संरक्षण ऐनअनुसार गरुडा नगरपालिकाले आफनो मातहतमा रहेका निजी अस्पताल, होटल तथा पसलहरूमा अनुगमन गर्ने कार्यलाई तीव्रता दिएको हो ।

स्थानीय बासिन्दाहरू बिरामी परेर निजी अस्पताल, पोलीक्लिनिकमा गएर नक्कली चिकित्सकबाट ठगिने कार्य भइरहेको, अखाद्य बस्तु खान बाध्य हुनुपरेको र नापतौलमा ठगिनु परेको जनगुनासो नगरपालिकाको कार्यालयमा आएपछि सो नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीको नेतृत्वमा बजार अनुगमन कार्यले तीव्रता पाएको हो ।

बजार अनुगमनका क्रममा शिवनगरस्थित ओम हेल्थ हस्पिटल प्राली, आनन्द हेल्थ केयर अस्पतालमा छापा मार्दा इजाजत नलिइकनै सञ्चालनमा रहेकाले तालाबन्दी गरिएको छ भने फार्मेसीहरूमा अनुगमन गर्दा निजी अस्पताल सञ्चालन गर्न अनुमति नलिएको, तोकिएको डाक्टर नभएको, पोलिक्लिनिकको रूपमा तीन बेडको एक वर्षको परीक्षणकाल स्वीकृति लिएका भए पनि म्याद सकिएपछि पुनः स्वीकृति नलिई १५ बेडको अस्पताल सञ्चालन गरेको पाइएको अधिकृत पन्थीले जानकारी दिए ।

अकुपञ्चरका लागि पाँच बेडको स्वीकृति लिएर २५ बेडको सञ्चालन गरेको तर फार्मेसी तालिम नलिइ फार्मेसी सञ्चालन गरेको, फार्मेसीको अन्तै ठेगाना रहँदा उक्त अकुपञ्चरमा सञ्चालन भएको हुँदा सबै कागज पत्र लिएर १५ दिनभित्र नगरपालिकामा उपस्थित हुन सञ्चालकलाई पत्र पठाइएको र सो अनुसार कार्य नगरिएमा नगरपालिकाबाट गैरकानुनी ठहर गर्दै उक्त निजी अस्पतालहरूलाई बन्द गर्ने चेतावनी दिएको तथा सोको जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिइसकेको प्रमुख प्रशासकीय अधिकृत पंथीले स्पष्ट पारे ।

यस्तै ओम हेल्थ हस्पिटल प्रालीको नामबाट सञ्चालनमा रहेका अस्पतालको स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य विभागको नियमनकारी निकायबाट स्वीकृति नलिएको हुंदा बन्द गराइएको जानकारी दिँदै प्रमुख प्रशासकीय अधिकृत पन्थीले हावादारी तवरबाट धमाधम नगरक्षेत्रको शिवनगर, गरुडा लगायतको विभिन्न स्थानमा सञ्चालनमा आएका निजी अस्पताल वा पोलिक्लिनिकलाई नगरपालिका अन्तर्गतको स्वास्थ्यसँग सम्बन्धित निकायको यथाशीघ्र अनुगमनको व्यवस्थापन गराउन मन्त्रालयसँग लिखितरूपमा माग गरेको बताए ।

उपभोक्ता संरक्षण ऐनअन्तर्गत निजी रूपमा सञ्चालनमा रहेका अस्पतालहरू, बजारमा म्याद गुज्रिएका गुणस्तरहीन पेय पदार्थहरू, कमसल खाद्यान्न सामग्रीलगायत आमउपभोक्ताको मानव स्वास्थ्यसँग सरोकार राख्ने विषयहरूको नियमित रूपमा नगरपालिकाबाट अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको हुँदा सो कार्यलाई निर्वाचित जनप्रतिनिधिका साथै उद्योगी व्यवसायी एवं नागरिक समाजका अगुवाहरूको सहयोग आवश्यक रहेको पन्थीले बताए ।

केही दिनअघि मात्र बजार अनुगमनका क्रममा गरुडा बजारबाट ठूलो परिमाणमा म्याद गुज्रिएका डाबरको रियल र ब्रस्ट जुसहरू नियन्त्रणमा लिई नष्ट गरिएको थियो ।

# 'नगरपालिका भएको कुनै महसुस नै छैन'



■ मीना बुढाथोकी

सल्यान । सल्यान जिल्लाकै मुटुको रूपमा परिचित शारदा नगरपालिका-१४ र १५ का स्थानीयले यस क्षेत्रको विकासका लागि कसैको नजर नपरेको गुनासो गरेका छन् । जिल्लाको पहिलो नगरपालिका शारदा नगरपालिकाका दुई वटा वडा हिमाल पारिका जिल्ला मनाङ र मुस्ताङ जस्तै भएको भन्दै स्थानीयले गुनासो गरेका हुन् ।

विकासका दृष्टिकोणले स्थानिय तह, प्रदेश र संघसम्म कसैको नजरमा नपरेको हुँदा यी वडालाई मनाङ र मुस्ताङजस्ता वडा भन्न थालिएको वडा-१५ को जनसेवा युवा क्लबका अध्यक्ष टोपेन्द्र गौतमले बताए । सदरमुकाम नजिकैका यी वडामा यातायातका साधन सञ्चालन नहुनु, विद्युत् सबै टोलमा नपुग्नु, खानेपानीको चरम अभावले केही टोल बस्ती छोड्ने अवस्थामा पुगेको भन्दै यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने उनले बताएका छन् ।

'चुनावको समयमा सबै दलका नेताले हामी गर्छौं माल्नेटाको विकास भने पनि अहिलेसम्म कसैले पहल गरेनन्,' उनले भने, 'अहिले हामीले पहिलेजस्तै समस्या भोगिरहेका छौँ ।'

माल्नेटाको समग्र विकासका लागि बरला माल्नेटा मोटर पुल, माल्नेटाको अदुवालाई बजार व्यवस्थापन, लिफ्ट सिस्टम खानेपानी आयोजना, माल्नेटा लेखपोखरादेखि दहखोला हुँदै दमाचौर जोडने मोटरबाटोजस्ता प्रमुख योजनाहरू सम्पन्न नहुँदासम्म माल्नेटाको विकास सम्भव नहुने स्थानीय विष्णु न्योपानेले बताए ।

माथि उल्लिखित योजनाहरू कम्युनिस्ट सरकारकै पालामा पारेर माल्नेटा वासीलाई खुसी दिनुको साथै बरला माल्नेटा मोटरपुल संघीय सरकारको समपुरक योजनामा पारिएको पनि प्रदेश सरकारका आर्थिक योजना मंन्त्री प्रकाश ज्वालाले बताएको न्यौपानेले जानकारी दिएका छन् ।

नगरपालिकाका यी दुई वडालाई विद्युत्, खानेपानी, झोलुंगे पुल सडक लगायतका योजना पार्ने बताउँदै, माल्नेटादेखि लेखपोखरा, दहखोला हुँदै दमाचौर मोटर बाटो जोडेर दाङदेखि, तुलसीपुर माल्नेटा दमाचौर बस सञ्चालन गर्ने गरी प्रदेश सरकारसँग पहल भइरहेको सल्यान-१ का सांसद गुलाबजंग शाहले जानकारी दिए ।

यस्तै नेपालकै प्रिसद्ध माल्नेटाको अदुवाले बजार भाउ नपाएपछि उत्पादनमा पनि कमी आएको र अदुवा प्रशोधन केन्द्र माल्नेटामै राखेर उत्पादनमा बृद्धि ल्याउनुपर्ने स्थानीय ज्ञानदेव घर्तीले बताए ।

# जहाज चार्टर गरी गर्भवतीको उद्धार

■ अनिल शाही



बाजुरा । जिल्लाको बुढीनन्दा नगरपालिका-३ की सेतु लुवारलाई जटिल प्रकारको प्रसूति बेथा लागेपछि सोमबार हवाइजहाज चार्टर गरेर उद्धार गरिएको छ । आठ महिनाकी गर्भवती लुवारलाई जटिल प्रकारको स्वास्थ्य समस्या देखिएपछि सुदूरपश्चिम प्रदेशका सांसद बलदेव रेग्मीमार्फत सामाजिक विकास मन्त्रालयले जहाज चार्टर गरेर नेपालगञ्ज पठाएको छ ।

गर्भवती अवस्थाकी लुहारलाई प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीमा उपचार हुन नसकेपछि प्राथमिक स्वास्थ्य केन्द्रले रिफर गरेको थियो ।

बुढीनन्दा नगरपालिका-३ सिराडीकी लुहारको अवस्था गम्भीर भएपछि सांसद रेग्मीले सामाजिक विकास मन्त्रालयमा जहाज चार्टरका लागि पहल गरी उनको उद्धार गरिएको बताइएको छ । 'प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीले यहाँ उपचार हुन नसक्ने भनी रिफर गरेपछि उनको तत्काल उद्धार गर्नुपर्ने अवस्था देखेर घटनास्थलबाटै सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदीलाई फोन गरेर हेलिकोप्टरको पहल गरेका थियौँ, हेलिकोप्टर नभेटिएपछि विमान चार्टर गरेरै उद्धार गरेका छौँ,' सासंद रेग्मीले बताए ।

गाडीबाट जिल्ला सदरमुकाम मार्तडी लैजान पनि अप्ठेरो हुने भएपछि हवाइजहाजबाटै उद्धार गरिएको र नेपालगञ्जमा उपचारका लागि लाग्ने खर्च नगरपालिकाले बेहोर्ने बुढीनन्दा नगरपालिकाका उपप्रमुख सृष्टि रेग्मीले बताएकी छन् । बाजुराको कोल्टीमा जटिल प्रकारको प्रसूति बेथा लागेमा उपचार गर्ने पद्धति सिइवएनसी सेवा नभएकाले यस्ता केसहरू रिफर गर्नुपरेको स्वास्थ्यकर्मीले बताएका छन् ।

# कोल्टीमा विशेषज्ञ स्वास्थ्य शिविर

■ सौर्य समाचार

बाजुरा । जिल्लाको कोल्टीमा सोमबारदेखि आयुर्वेद सहितको विशेषज्ञ स्वास्थ्य शिविर सुरु भएको छ । डाक्टर नारायणप्रसाद रेग्मीको पहलमा सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशको आर्थिक र प्राविधिक सहयोग र बुढीनन्दा नगरपालिकाको आयोजनामा स्वास्थ्य शिविर सुरु भएको हो ।

स्वास्थ्य विविरमा हाडजोर्नी, स्त्री रोग, बालरोग, प्रसूति रोग लगायतका विशेषज्ञ सेवाहरू प्रवाह गरिनेछ । आज र भोलि सञ्चालन गरिने शिविरको आज प्राथमिक स्वास्थ्य केन्द्रमा सुदूरपश्चिम प्रदेशका प्रदेशसभा सांसद बलदेव रेग्मीले एक कार्यक्रमका बीच उद्घाटन गरे । प्रमुखअतिथि रहेका सांसद रेग्मीले दुईदिने स्वास्थ्य शिविरको ब्यानर अनावरण गरेर उद्घाटन गर्दै प्रदेश सरकारले यो शिविर गतवर्ष नै गर्न खोजेको भए पनि प्रतिकूल मौसमका कारणले हुन नसकेको बताए । स्वास्थ्य संवेदनशील कुरा भएको बताउँदै सांसद रेग्मीले यो शिविरबाट अधिकांश मानिसले सेवा लिन सकुन् भन्ने चाहेको र यहाँका नागरिक स्वास्थ्य सेवाको पहुँचमा नहुँदासम्म शिविरको आवश्यकता रहेको बताए ।

त्यस्तै कार्यक्रमका विशेष अतिथि जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्रकुमार रोकायाले बाजुरा जस्तो जिल्लाको विशेषज्ञ सेवा पाउने आधार नै शिविर रहेकोले सबैले सेवा पाउने गरी व्यवस्थापन गर्न आग्रह गरे ।


चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
१ नं. प्रदेश, नेपाल

**प्रस्तावना स्वीकृत गर्नेसम्बन्धी आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७५/१२/१९

गाउँपालिकाको कार्यालय चुलाचुली इलामको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमअनुसार राष्ट्रपति चुरे कार्यक्रमअन्तर्गत ठेक्का नं. 4/chulachuli/075/76 अनुसार रतुवा, मावा र विधुवा खोलामा स्पर्श तथा तटबन्धनको काम गर्नका लागि ८ (आठ) वटा निर्माण कम्पनीहरुले विद्युतीय (E-Procrument System (*PPMO*) र हार्डकपीका माध्यमबाट दर्ता गराएको बोलपत्र कार्यालयमा गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा **Jaya Ishwori Nirman Sewa (P) Ltd. Bhadrapur-5, Jhapa** ले पेश गरेको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही ठहरिई उक्त प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ को उपदफा २ को प्रयोजनार्थ उक्त प्रस्तावना कार्यमा सहभागी सबै निर्माण कम्पनीहरुको जानकारीका लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ :

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको निर्माण कम्पनीको नाम | सबैभन्दा कम कबोल अंक (भ्याटसहित) |
|---|---|---|---|---|
| 1 | 4/Chulachuli /075/76 | River Protection Work on Mawa, Ratuwa and Bidhuwa Khola | Jaya Ishowari Nirman Sewa (P) Ltd., Bhadrapur-5, Jhapa | Rs. 53,07,485.77 (Fifty Three Lakh Seven Thousand Four Hundred Eighty Five and Seventy Seven Paisa Only) |

प्रमुख प्रशासकीय अधिकृत